# माई स्मल हेल्प, ललितपुर

## प्रगति विवरण २०७४।७५

मिति २०६४ साल वैशाखमा तदर्थ समिति गठन गरी कार्य शुरु गरिएको र मिति २०६४ साल चैत्र ६ गतेका दिन जिल्ला प्रशासन कार्यालय ललितपुरमा विधिवत् रुपमा **माई स्मल हेल्प** नामक संस्था दर्ता गरि वालवालिकाहरुको, विषेशगरी शैक्षिक क्षेत्रमा सहयोग पुर्‍याउने उद्देश्यले आफ्ना कार्यहरु शुरु गरेको यस संस्थाले आजका मिति सम्म आईपुग्दा क्रमिक रुपमा प्रगति गर्दै आएको मैले पाएको छु । यस क्रममा संस्था स्थापना काल भन्दा अगाडि देखि नै गरिब, जनजाति, पिछडिएका तथा जेहेन्दार वालवालिकाहरुको खोजी गरि त्यस्ता वालवालिकाहरुलाई शिक्षाको उज्यालो ज्योति पुर्‍याउन आजका मिति सम्म यस संस्था सफल रहिआएको छ ।

सो क्रममा यस संस्थाले विभिन्न विद्यालयहरु सँग सहकार्य गर्दै वालवालिकाहरुलाई आवश्कता अनुसारको शैक्षिक खर्च व्यहोर्ने प्रतिवद्धताका साथ आफ्नो कार्य प्रारम्भ गरि सो कार्यलाई आजका मिति सम्म पनि निरन्तरता दिनुका साथै संस्थाले आफ्नो उद्देश्य प्राप्त गर्नको लागि विभिन्न व्यक्तिहरु तथा संघ-संस्थाहरु सँग सहकार्य गर्दै विभिन्न कार्यक्रमहरु संचालन गर्दै आएको र सफलता प्राप्त गरेको छ ।

यसै क्रममा संस्थाले आर्थिक वर्ष २०७४।७५ मा प्राप्त गर्न सफल भएको प्रगति विवरण यसप्रकार रहेका छन् ।

- माई स्मल हेल्प नेपालको मुख्य आयस्रोत भनेको माई स्मल हेल्प यू.के. हो । सोही अनुरुप आ. व २०७४।७५ र २०७५।७६ को लागि GBP 51,000/- को सम्झौता गरिएको छ । सो रकम माई स्मल हेल्प यू.के.बाट मासिक रुपमा प्राप्त हुन्छ र त्यही रकमबाट कार्यक्रमहरु संचालन गरिन्छ । र सोही रकम बराबरको नेपाली रुपैयाँ ६,९४९,५००/- को समाज कल्याणबाट स्विकृति लिइएको छ । र यो आर्थिक बर्षमा ४,६८५,७९९.६६ अक्षररुपी छयालिस लाख पचासि हजार सात सय उनानसय रुपैयाँ छैसठ्ठी पैसा प्राप्त भएको छ ।

- यस संस्थाबाट छात्रवृत्ति प्रदान गरिएका सम्पूर्ण विद्यार्थीहरुका लागि यस वर्ष पनि छात्रवृत्ति जारी राखियो ।

- काभ्रे जिल्ला, बल्थली गा.वि.स, वडा नं ५ नेपाने स्थित श्री लड्केश्वर निम्न माध्यामिक विद्यालयमा अध्ययनरत् सम्पूर्ण विद्यार्थीहरुको लागि शैक्षिक सत्र २०७४ मा विभिन्न शैक्षिक सामाग्रीहरु वितररण गरियो ।

- काभ्रे जिल्ला, बल्थली गा.वि.स, वडा नं ५ नेपाने स्थित श्री लड्केश्वर निम्न माध्यामिक विद्यालयमा गुणस्तरिय तथा प्रयोगात्मक अध्यापनका लागि शैक्षिक सत्र

२०७४ । २०७५ को लागि संस्थाद्धारा तलब उपलब्ध गराउने गरि २ जना शिक्षिकाहरु नियुक्ति गरियो ।

- ललितपर जिल्ला, भट्टेडाँडा गा.वि.स, स्थित श्री भट्टेडाँडा निम्न माध्यामिक विद्यालयमा अध्ययनरत् सम्पूर्ण विद्यार्थीहरुको लागि शैक्षिक सत्र २०७४ मा रु. २०,०००/- बराबरको विद्यालय पोशाक वितररण गरियो ।
- श्री बाबा बाटिका माध्यामिक विद्यालयमा अध्ययनरत् भुकम्म पिडित ८ जना विद्यार्थीहरुको लागि रु.२०,०००/- बराबरको शैक्षिक खर्च उपलब्ध गराईयो ।
- भुकम्प प्रभावित संस्थाद्धारा सहयोग गरिएका २ जना विद्यार्थीको घर निर्माणमा सहयोग पुर्याईयो ।
- विभिन्न समयमा संस्थाद्धारा सहयोग गरिएका नानीहरुलाई आवश्यक पर्ने सहयोग जस्तै खाजा खर्च , बस भाडा, स्वास्थ्य साथै अतिरिक्त कार्यक्रम (भाषा, कम्प्युटर, फुटबल, संगीत, आयमूलक सिप )आदिमा तालिम खर्च उपलब्ध गराईयो ।
- यस आर्थिक वर्षमा ५ जना विद्यार्थीहरुलाई +2 तहको शिक्षा तथा ३ जना विद्यार्थीलाई स्नातक तहको शिक्षाको लागि पनि सहयोग गरियो ।
- संस्थाद्धारा शैक्षिक सहयोग गरिएका सम्पूर्ण विद्यार्थीहरुको लागि क्रिसमसको अवसर पारि आवश्यक सामाग्रीहरु उपहार स्वरुप वितरण गरियो ।
- संस्थाद्धारा शैक्षिक सहयोग गरिएका नानीहरु एलिसा थापामगर तथा सुनिता माझीको को परिवारको (एकल आमा) लागि घरभाडा तथा रासन खर्च उपलब्ध गराईयो ।
- दाताहरुले मागेको Proposal अनुसार लमजुङ्गको सिमपानी स्थित श्री गणेश माध्यामिक विद्यालयको Hostel Block बनाउन शुरु गरिएको तर पूर्ण हुन नसकी त्यसबाट फाइदा लिन नसकि अलपत्र परेको जानकारीमा आए अनुसार त्यसलाई पूर्ण रुपमा निर्माण सम्पन्न गर्नको लागि Fundraise गरेर दाताहरु आफू पनि आई प्रत्यक्ष निगरानीमा स्वयसेवीको रुपमा काम गरि बनाउने निर्णय गरियो । र उनीहरु आइसकेपछि उनीहरुकै निगरानीमा कार्यक्रम संचालन गरि खर्च रकम आवश्यक्ता भए अनुसारको भुक्तानी गरि निर्माण सम्पन्न गरियो ।

आर्थिक वर्ष  २०७४।७५ मा माथि प्रस्तुत गरिएका कार्यहरु सफलताका साथ सञ्चालन गर्न यस संस्था सफल रह्यो ।

<u>संस्थाको तर्फबाट माथि उल्लेखित विवरण प्रमाणित गर्ने ब्यक्ति</u>

नाम :    प्रमिला के.सी.

हस्ताक्षर :

पद :    अध्यक्ष

मिति :  २०७५/४/१५

छाप :